# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

**कार्यालय परिसरको पर्खाल लगायतका संरचना निर्माण गर्ने बारेको**
**सिलवन्दी बोलपत्र आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७२/१२/२८**
**सिलवन्दी बोलपत्र फाराम आईपुग्नु पर्ने अन्तिम मिति २०७३/०१/२७ गते दिनको ४:३० बजे भित्र**
**बोलपत्र फाराम खोल्ने मिति २०७३/०१/२८ गते दिनको २:३० बजे**

यस **कार्यालयको परिसरको पर्खाल लगायतका संरचना निर्माण गर्नु** पर्ने भएको हुँदा इच्छुक मूल्य अभिवृद्धिकरमा दर्ता भएका ईजाजतप्राप्त फर्म/कम्पनी/सेवा प्रदायकहरुलाई यो सूचनामा प्रकाशित भएको मिति तथा समयभित्र देहायमा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. बोलपत्रदाताले खाम बाहिरपट्टि शिरमा **"कार्यालय परिसरको पर्खाल लगायतका संरचना निर्माण गर्ने कार्यसम्बन्धी"** भन्ने लेखी **श्री निर्देशक, नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय**लाई सम्बोधन गरेको हुनुपर्नेछ ।

२. बोलपत्र फारमसाथ फर्म वा कम्पनीको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, इजाजत पत्र, आधिकारिक विक्रेताको प्रमाणपत्र, गत आर्थिक बर्षको आयकर चुक्ता एवं मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राख्नु पर्नेछ । फर्म वा कम्पनीका तर्फबाट बोलपत्र पेश गर्दा कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सो को पत्र (Power of Attroney Letter) बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता सरकारी कार्यालय र बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको हुनु हुदैंन । बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

४. बोलपत्र पेश गर्दा बोलपत्र फाराम साथ बोलपत्र जमानत रकम स्वरुप रु.८,७४,०००।- (अक्षरेपी आठ लाख चौहत्तर हजार मात्र) यस बैंकको स.क्रे.हि. खाता नं. १८०९९९.०११.०००.५२४ मा नगद जम्मा गरेको भौचर वा यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट पेश गर्ने अन्तिम मितिले बोलपत्र मान्य हुने अवधि भन्दा कम्तीमा तीस दिन बढीको लागि जारी गरेको सो रकम बराबरको जमानत पत्र पेश गर्नु पर्नेछ । उक्त विडवण्ड बोलपत्रसम्बन्धी निर्णय भएपछि फिर्ता गरिने छ । बोलपत्र मान्य हुने अवधि ९० दिन हुनेछ ।

५. प्राप्त बोलपत्र स्वीकार गर्ने, नगर्ने तथा बोलपत्र पूर्णरुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

६. बोलपत्र पेश गर्ने अन्तिम दिन भित्र बोलपत्रदाता आफैंले वा आफ्नो प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत बोलपत्र पेश गर्नुपर्ने स्थानमा बोलपत्र दाखिला गरी सक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट तोकिएको समयमा बोलपत्र पेश गर्न सकिनेछ ।

७. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा बोलपत्र पेश गर्ने वा निजको प्रतिनिधिहरुको रोहबरमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमा बोलपत्र खोलिने छ, तर बोलपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

८. बोलपत्र यस बैंकको आन्तरिक प्रशासन फाँटबाट रु. १०,०००।- (अक्षरेपी दश हजार मात्र) तिरी (फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।

९. बोलपत्र सम्बन्धी यो सूचना र बोलपत्रका शर्तहरुमा द्विविधा भएमा बोलपत्रको शर्त मान्य हुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बैंकले बोलपत्रमा उल्लेख भए बमोजिम र उल्लेख नभएका कुराहरु सार्बजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक, खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । थप जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ वा फोन नं. ०६१-४६२७१४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१०. उपरोक्त अनुसार म्यादभित्र प्राप्त नभएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

११. यो सूचना www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।

*निर्देशक*